# लेखापरीक्षण प्रतिवेदन

# सिगास गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सिगास गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/50

श्रीमान् अध्यक्षज्यू,
सिगास गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बैतडी।

**बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/50

श्रीमान् अध्यक्षज्यू ,

सिगास गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बैतडी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस **गाउँपालिकाको** आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ **मसान्त**मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतको कारोबार समावेश गरेको छैन।

२.२. **गाउँपालिकाको** आयब्यय तर्फ रु. १ अर्ब ९ करोड ८२ लाख २७ हजारको लेखापरीक्षणबाट रु. ८८ लाख ७५ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ४ लाख ६१ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु ७ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ लाख ९० हजार, नियमित गर्नुपर्ने रु. ११ लाख ७२ हजार र पेश्की बाँकी रु. ६० लाख २ हजार गरी रु. ८४ लाख १४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. २२ करोड ४४ लाख ५३ हजार मध्ये रु. ११ करोड २५ लाख ५३ हजार फर्स्यौट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. १२ करोड ३ लाख १४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले **गाउँपालिकाको** पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | ५६ | ८८,७५,३०७ | ० | १६ | ४,६१,४७० | ० | ५३ | ४० | ८४,१३,८३७ | ७,५०,२३७ | ११,७१,५३० | ४,९०,०७० | ० | ० | १६,६१,६०० | ६०,०२,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बैतडी | २२,४४,५३,२०५ | ० | ११,२५,५३,१७५ | ११,१९,००,०३० | ० | ८४,१३,८३७ | १२,०३,१३,८६७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ५० | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री | ६०,००० |
| २ | २०८१/८२ | ५७ | वढी निकासा | २४,००० |
| ३ | २०८१/८२ | ४३ | बढी भुक्तानी | १५,३३२ |
| ४ | २०८१/८२ | ४९ | बढी तलब भत्ता भुक्तानी | २,०४,६६९ |
| ५ | २०८१/८२ | ५४ | पाठ्यपुस्तक अनुदानमा बढी निकासाः | १८,२८७ |
| ६ | २०८१/८२ | 61.२ | दिवा खाजा कार्यक्रम | १,३९,१८२ |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा | ४,६१,४७० |
| गत विगत वर्षको सम्परीक्षण | | | | |
| 1 | २०८०/८१ | २० | सहकारी नियमन | ७,००,००० |
| 2 | २०८०/८१ | ४७ | फरक शीर्षक | २२,१५,०१७ |
| 3 | २०८०/८१ | २८ | प्रशिक्षक भत्ता/सहजीकरण भत्ता | १,५०० |
| 4 | २०८०/८१ | ५०.४ | पुँजीगततर्फ | ९०,७४,३२३ |
| 5 | २०८०/८१ | ५७.३ | परामर्श कर/अनुपातिक कट्टि | १,९१,४६८ |
| 6 | २०७९/८० | २८.३ | स्वास्थ्यतर्फ | ६९,९५० |
| 7 | २०७९/८० | १४ | पेश्की बाँकी | २६,१०,००० |
| 8 | २०७९/८० | 20 | गत वर्षको भुक्तानी | ७,६५,६३४ |
| 9 | २०७९/८० | २० | आन्तरिक लेखापरीक्षणबाट कायम भएका व्यहोराहरु | १२,९६,०४१ |
| 10 | २०७८/७९ | १४ | स्वकीय सचिव र सल्लाहकार | २,८६,००० |
| 11 | २०७८/७९ | ४३ | सोझै खरिद | २६,४१,५७८ |
| 12 | २०७८/७९ | २७.१ | सशर्त पुँजीगत | ३७,८०,००० |
| 13 | २०७८/७९ | 23.1 | सशर्त कार्यक्रमतर्फ | ३,८९,२१५ |
| 14 | २०७८/७९ | ५१ | समानीकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिक | १,५१,५३,३३३ |
| 15 | २०७८/७९ | १४ | वडा सचिवलाई आर्थिक सहयोगः | १,००,००० |
| 16 | २०७८/७९ | ३६ | भुक्तानी दिन बाँकीको विवरणः | १,६०,६४,००० |
| 17 | २०७८/७९ | ३६ | प्रशिक्षक भत्ता | ३३,९१५ |
| 18 | २०७८/७९ | ४६ | पेश्की बाँकी | २२,०५,००० |
| 19 | २०७८/७९ | ४० | पारिश्रामिक कर कट्टी नभएको | ३३,०८० |
| 20 | २०७८/७९ | ४१२ | ठेक्का व्यवस्थापन | १,१३,२३३ |
| 21 | २०७८/७९ | ४४.५ | उपभोक्ता समितिको काम | २५,००० |
| 22 | २०७७/७८ | 43 | सोझै खरिद | ३८,०५,५४८ |
| 23 | २०७७/७८ | 54 | ठूला खोला मसानी गाढ सडक | ३६,७६,५१८ |
| 24 | | 54 | | |

| | | | | |
|---|---|---|---|---|
| | २०७७/७८ | | अनुदान फिर्ता | ४,७३,२२,८२२ |
| जम्मा | | | | ११,२५,५३,१७५ |
| **कूल जम्मा** | | | | **११,३०,१४,६४५** |

# सिगास गाउँपालिका, बैतडी

# ( ८०७७४५०५३०० )

# सिगास गाउँपालिका , बैतडी

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । गाउँपालिकामा ९ वडा, २४५.४४ वर्ग किलोमिटर क्षेत्रफल तथा २१८१४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०७ देखि २०८२।०५।०९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब९ करोड ८२ लाख २७ हजार २८० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २,३८,८४४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पाठ्यपुस्तकमा बढी भुक्तानी भएको रकम असुल भएको | ३९७९ |
| २ | दिवाखाजामा बढी भुक्तानी भएको रकम असुल भएको | ६३१६५ |
| ३ | छात्रवृत्तिमा बढी निकासा भएको रकम असुल भएको | १०००० |
| ४ | आमा सुरक्षा कार्यक्रममा बढी भुक्तानी भएको रकम असुल भएको | १६१७०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत वित्तीय विवरणः**

यस पालिकाको एकिकृत विवरण देहाय अनुसार रहेको छ ।

| सि नं | प्राप्ती विवरण | रकम | रकम | सि नं | भुक्तानी विवरण | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | **सुरु मौज्दात** | | ५१३०१३६६ | १ | **चालु खर्च** | | ३१३४५३१९७ |
| | संचित कोष | ४६८८६५९१ | | | पालिका तर्फ | ११८१२७८९६ | |
| | धरौटी | २८१३०७३ | | | संघीय सशर्त | १८८५९५३०१ | |
| | कार्यसञ्चालन कोष | १६०१७०२ | | | संघीय विशेष | ० | |
| | अन्य कोष | | | | प्रदेश सशर्त | ७३०००० | |
| | | | | | प्रदेश विशेष | ६०००००० | |
| २ | **आन्तरिक आय** | | ४२५११८० | २ | **पुँजीगत खर्च** | | ८५२२००५५ |
| ३ | **वित्तीय हस्तान्तरण (संघ)** | | ३८१५६४५७८ | | पालिका तर्फ | ७०४४४३७३ | |
| | समानीकरण अनुदान | ८१२०७६०० | | | संघीय सशर्त | २८००००० | |
| | राजस्व बाँडफाँट | ९१५९८७८६ | | | संघीय विशेष | ० | |
| | सशर्त अनुदान | २०५२४७००० | | | संघीय समपुरक | ३५१०९१९ | |
| | समपुरक अनुदान | ३५१११९२ | | | प्रदेश सशर्त | ५९८६२८५ | |
| | विशेष अनुदान | - | | | प्रदेश विशेष | ० | |
| | रोयल्टी | - | | | प्रदेश समपुरक | २४७८४७८ | |
| | अन्य | - | | ३ | **अन्तर सरकारी अख्तियारी** | | १३३९३२८४५ |
| ३ | **वित्तीय हस्तान्तरण (प्रदेश)** | | २५५९८९७६ | | सामाजिक सुरक्षा | १०६३०४४३४ | |
| | समानीकरण अनुदान | ७६१४००० | | | घरेलु तथा सानाउद्योग प्रबद्धन केन्द्र | ८७४४१३७ | |
| | राजस्व बाँडफाँट | २०७६४९८ | | | **औद्योगिक पूर्वाधार विकास कार्यक्रम** | २४२५९७२ | |
| | सशर्त अनुदान | ७४३०००० | | | **उच्च पहाडी एवम हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक ससक्तीकरण कार्यक्रम** | ४७४४४८६ | |
| | समपुरक अनुदान | २४७८४७८ | | | **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम** | ११७१३८१६ | |
| | विशेष अनुदान | ६०००००० | | | | | |
| | | | | ४ | **धरौटी फिर्ता तथा सदरस्याहा** | | १८०२८१८ |
| | | - | | ५ | **कार्यसञ्चालन कोषबाटभएको खर्च** | | ९८७९९० |
| ४ | **अन्तर सरकारी अख्तियारी (संघ)** | | १३३९३२८४५ | | **सडक बोर्ड नेपाल** | ९८७९९० | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सामाजिक सुरक्षा | १०६३०४४३४ | | ६ | **अनुदान फिर्ता** | | १४५६५६८७ |
| | घरेलु तथा साना उद्योग प्रबद्धन केन्द्र | ८७४४१३७ | | | संघ तर्फ | | |
| | औद्योगिक पूर्वाधार विकास कार्यक्रम | २४२५९७२ | | | सशर्त अनुदान | १३८५१६९९ | |
| | उच्च पहाडी एवम हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक ससक्तीकरण कार्यक्रम | ४७४४४८६ | | | समपुरक अनुदान | २७३ | |
| | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | ११७१३८१६ | | | प्रदेश तर्फ | | |
| | | | | | सशर्त अनुदान | ७१३७१५ | |
| ५ | **धरौटी आय** | | १९६८५७९ | | | | |
| ६ | **कार्यसञ्चालन कोष आय** | | | | | | |
| | सडक बोर्ड नेपाल | | ९४८५२९ | | | | |
| | | | | ७ | **अन्तिम मौज्दात** | | ४९६०३४६१ |
| | | | | | संचित कोषको मौज्दात | ४५०६२३८७ | |
| | | | | | धरौटी | २९७८८३४ | |
| | | | | | कार्य सञ्चालन कोष | १५६२२४१ | |
| | **जम्मा** | | ५९९५६६०५३ | | **जम्मा** | | ५९९५६६०५३ |

३ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | | | | | | |
| | | | ९४,५८६,५१५.०० | | ९४,५८६,५१५.०० | ९३,६६०,९४८.५३ | | ९३,६६०,९४८.५३ |
| १३००० | अनुदान | | २९८,९२२,५८३.२४ | | २९८,९२२,५८३.२४ | २९०७३१०३१ | | २९०७३१०३१ |
| १४००० | अन्य | | २,९१९,७३०.०७ | | २,९१९,७३०.०७ | ८,७५८,०३४.७२ | | ८,७५८,०३४.७२ |
| १५००० | विविध प्राप्ति | | ३७६,६३१.३० | | ३७६,६३१.३० | २८०,५००.०० | | २८०,५००.०० |
| क | कुल जम्मा प्राप्ति | | ३९६,८०५,४५९.६१ | | ३९६,८०५,४५९.६१ | ३९३,४३०,५१४.२५ | | ३९३,४३०,५१४.२५ |
| ३ | चालु | | ३१३,४५३,१९७.०८ | | ३१३,४५३,१९७.०८ | ३०५,२२३,०८४.३२ | | ३०५,२२३,०८४.३२ |
| २१००० | पारिश्रमिक / सुविधा | | ४८,१२०,४८१.४५ | | ४८,१२०,४८१.४५ | १३४,२९७,९१५.०० | | १३४,२९७,९१५.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ९३,२७०,१८३.६३ | | ९३,२७०,१८३.६३ | ११०,६५१,४९५.०० | | ११०,६५१,४९५.०० |
| २५००० | सहायता (Subsidy) | | ९०,३१६,०१४.०० | | ९०,३१६,०१४.०० | ४३,५२६,५३०.०० | | ४३,५२६,५३०.०० |
| २६००० | अनुदान | | ७१,९६२,०००.०० | | ७१,९६२,०००.०० | ० | | ० |
| २७००० | सामाजिक सुरक्षा | | ८,१४०,०७७.०० | | ८,१४०,०७७.०० | ९,३०५,३५८.०० | | ९,३०५,३५८.०० |
| २८००० | अन्य खर्च | | १,६४४,४४१.०० | | १,६४४,४४१.०० | ७,४४१,७८६.३२ | | ७,४४१,७८६.३२ |
| ४ | पूंजीगत | | ८५,२२०,०५४.५७ | | ८५,२२०,०५४.५७ | ८०,१३२,४२१.०० | | ८०,१३२,४२१.०० |
| ३१११० | भवन तथा संरचना | | ७,२८२,८७८.०० | | ७,२८२,८७८.०० | ७,७१७,९२२.०० | | ७,७१७,९२२.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४४२,५७९.०० | | ४४२,५७९.०० | ० | | ० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | | ० | १,३६८,९३५.०० | | १,३६८,९३५.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ६९,३५२,१००.५७ | | ६९,३५२,१००.५७ | ७१,०४५,५६४.०० | | ७१,०४५,५६४.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | २,७४५,९८५.०० | | २,७४५,९८५.०० | ० | | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ५,३९६,५१२.०० | | ५,३९६,५१२.०० | ० | | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ३९८,६७३,२५१.६५ | | ३९८,६७३,२५१.६५ | ३८५,३५५,५०५.३२ | | ३८५,३५५,५०५.३२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | -१,८६७,७९२.०४ | | -१,८६७,७९२.०४ | ८,०७५,००८.९३ | | ८,०७५,००८.९३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | १२६,२९९.७३ | | १२६,२९९.७३ | -७११,४४१.४० | | -७११,४४१.४० |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | -१,७४१,४९२.३१ | | -१,७४१,४९२.३१ | ७,३६३,५६७.५३ | | ७,३६३,५६७.५३ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५१,३४४,९५३.८० | | ५१,३४४,९५३.८० | ४३,९८१,३८६.२७ | | ४३,९८१,३८६.२७ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४९,६०३,४६१.४९ | | ४९,६०३,४६१.४९ | ५१,३४४,९५३.८० | | ५१,३४४,९५३.८० |

४ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजनभएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायमहुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८१दरबन्दी स्वीकृतरहेकोमा लेखापरीक्षण अवधिसम्म ५३ पद पूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममाप्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासनअधिकृत, लेखा अधिकृत, इन्जिनियरसहित २८पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ।जनशक्ति व्यवस्थापन तर्फ आवश्यकताको आधारमा कानुन बमोजिम दरवन्दी तथा पदपुर्ति व्यवस्थापन गर्नुपर्दछ।

५ **वडा सचिवको पदपुर्तिः**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार छन्। रिक्त वडा सचिवहरुको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपुर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | २ | ७ |

६ **प्रोत्साहन भत्ताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधासम्बन्धी आधारभूत सिद्वान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिमस्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धीअन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। पालिकाले यो वर्ष ४ प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता वापत रू.१०२००००।०० भुक्तानी भएको अवस्थामा उल्लिखित व्यवस्था अनुसार कार्यविधि तथा मापदण्ड नबनाई कार्य पालिकाको निर्णय र सभाबाट पारित गरी खर्च लेखेको देखियो ।निश्चित कार्यविधि तथा मापदण्ड बनाइ सो अनुरुप खर्च गर्नुपर्दछ।

७ **तलवी प्रतिवेदनः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष रू.४८१२०४८१।४५ तलव खर्च लेखेको छ ।

८ **ठेक्का व्यवस्थापनः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष कार्यान्वियन भएका १४ वटाविभिन्न कार्यका ठेक्कामध्ये प्रथम चौमासिकमा शुन्य, दोश्रो चौमासिकमा ९ वटा, तेश्रो चौमासिकमा ५ वटा वटासम्झौता भएको तथा असार महिनामा २ वटा ठेक्का सम्झौता भएको देखिन्छ । यसरी समयमा ठेक्का व्यवस्थापन नगर्दा निर्माण कार्यको सम्पन्न गर्नुपर्ने समयावधि तथा लागत बढन सक्ने एवं वर्षान्तिमानिर्माण कार्य गर्दा तोकिएको गुणस्तर पुग्न नसक्ने जस्ता जोखिम पनि रहने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

९ **पुँजीगत खर्चको अवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक निकायले खरिदलाई सम्भवभए सम्म खुला पारदर्शी र प्रर्तिस्पर्धी बनाउनु पर्ने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार कूल पुँजीगत खर्च रू.८५२२००५४।५७ मध्येरू. १२०२८१९४।९३ अर्थात १४.११प्रतिशत खुला प्रतिस्पर्धाको माध्यमबाट, रू. ५०७१९००।९०अर्थात ५.९५ प्रतिशतसोझै खरिदको माध्यमबाट , रू.४४५१४५५४।७४अर्थात ५२.२३ प्रतिशत उपभोक्ता समितिबाट, सिलवन्दी दरभाउ पत्रवाट रु,२०१०८५७१ अर्थात २४ प्रतिशत, उपभोक्ता वा लाभग्राही समुदायबाट र कन्टिन्जेन्सीबाटरू.३४९६८३३।०० अर्थात ४.१० प्रतिशत खरिद भएको देखिएको छ।

| क्र.सं. | खरिदविधि | खर्च रकम रु. |
|---|---|---|
| | खुला बोलपत्र (E-biddingमार्फत) | १२०२८१९४।९३ |
| | सोझै | ५०७१९००।९ |
| | उपभोक्ता समिति वा लाभग्राही समुदाय | ४४५१४५५४।७४ |
| | कन्टीन्जेन्सी | ३४,९६,८३३ |
| | अन्य | २०१०८५७१ |
| | जम्मा | ८५२२००५४।५७ |

१० **कर्मचारी करारः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्येसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा ७८ कर्मचारीहरु करारमा राखी रू. २२२७६०४१।०० खर्च लेखेको छ।

११ **पदाधिकारी सुविधाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.८८३४५०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. ४२५११८०।४१ रहेको छ। कुल आयको २०७ प्रतिशत सुविधामा खर्च गरेको छ । पालिकाले आन्तरिक आयलाई ध्यानमा राखी सुविधा खर्च भुक्तानी गर्नुपर्दछ ।

१२ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदान (समानिकरण अनुदान र राजस्व बाँडफाटको योग) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०७१६३५५४ ।०० | ४२५११८०।४१ | १।०४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.०२८ प्रतिशत मात्र रहेको छ।

१३ **आय अनुमानः**

स्थानीय सरकारसञ्चालन ऐन, २०७४ को दफा ६६बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुनेआन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेकोआय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ**रू.** ६५ लाख ४० हजार आयप्राप्त गर्ने अनुमान गरेकोमा रू.४२ लाख ५१ हजार मात्रआय प्राप्त गरेको छ। अर्थात अनुमानको ६५प्रतिशत आय प्राप्त गरेको छ।

| क्र.सं. | प्राप्तिकोश्रोत | वार्षिक अनुमानितआय | आम्दानी |
|---|---|---|---|
| १ | भुमिकर/मालपोत | ११,००,००० | ७,१०,९३०.२२ |
| २ | वहालकर | २५,००० | २,१५,२१६.९० |
| ३ | वहालविटौरी कर | ० | ० |
| ४ | सवारीसाधन कर (साना सवारी) | ० | ० |
| ५ | अन्यकर | २०,००० | २५,११८.७६ |
| ६ | सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम | ४१,४०,००० | १३,१८,५१४।०० |
| ७ | विद्युतसेवा शुल्क | ० | ११,५०० |
| ८ | अन्यसेवा शुल्क तथा बिक्री | ५०,००० | ९,९७७ |
| ९ | न्यायिकदस्तूर | १०,००० | १,२५० |
| १० | शिक्षाक्षेत्रको आम्दानी | ० | १,८०० |
| ११ | यातायातक्षेत्रको आम्दानी | ० | ० |
| १२ | अन्यप्रशासनिक सेवा शुल्क | | १,९३,००० |
| १३ | पार्किङ्गशुल्क | ० | ० |
| १४ | नक्सापासदस्तुर | १०,००० | |
| १५ | सिफारिशदस्तुर | ५,००,००० | ४,६३,८५४ |
| १६ | व्यक्तिगतघटना दर्ता दस्तुर | २,५०,००० | ३,३०,९०० |
| १७ | नाताप्रमाणित दस्तुर | २५,००० | ३९,६०० |
| १८ | अन्यदस्तुर | | ४६,३५० |
| १९ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ३,००,००० | २,५०,३०० |
| २० | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | ० | ० |
| २१ | विद्युतसम्बन्धी दस्तुर | ० | ४,००० |
| २२ | अन्यक्षेत्रको आय | ० | ० |
| २३ | प्रशासनिकदण्ड जरिवाना र जफत | ५०,००० | १५,५०० |
| २४ | धरौटीसदरस्याहा | ० | ० |
| २५ | अन्यराजस्व | ३०,००० | १,८५,६५० |
| २६ | व्यवसायकर | ३०,००० | ८,००० |
| २७ | बेरूजू | ० | ३,७६,६३१.३० |
| २८ | नगद (गत आव को नगद मौज्दात) | ० | ४३,५८८.२३ |
| जम्मा | | ६५,४०,००० | ४२,५१,१८०.४१ |

१४ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२५८३००।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। कानुनी व्यवस्थाको पालना हुनुपर्दछ ।।

१५ **सामुदायिक वन क्षेत्रकोवन पैदावर विक्रीः**

स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावारविक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचितकोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नालेकाष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिजजन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिकाले आफ्नो कार्यक्षेत्र भित्रका सामुदायिक वनउपभोक्ता समितिवाट वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत असुल गरेको छैन ।कानुनी व्यवस्थाको पालना हुनुपर्दछ ।

१६ **राजश्व अभिलेखः**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहको लागि समेत लागु हुने गरी राजस्व शिर्षकहरुको बर्गिकरण र व्यख्या गरिएको छ। त्यसै गरी राजस्व लेखाको म ले प फा न १०६ दैनिक नगदी राजस्व आम्दानी खाता, म ले प फा न १०८ राजस्व प्राप्तिको बैक नगदी किताव, म ले प फा न १११ करदाताको लगत लगायतका फारम न. १०१ देखि ११८ सम्मका मलेप फारमहरु निर्धारण गरेको छ। कार्यालयबाट यस वर्ष जम्मा रू.४२५११८०।४१ राजश्व आम्दानी गरेकोमा राख्नुपर्ने उल्लिखित मलेप फारमहरु नराखेको र राजस्वको प्रकृति अनुसार शिर्षक मिलाएर राजस्व दाखिला समेत हुने गरेको देखिएन। साथै करदाताको लगत नहुँदा प्राप्त हुनुपर्ने तथा प्राप्त भएको राजश्व सम्बन्धमा भिडान परीक्षण गर्न सकिएन । कानुनी व्यवस्थाको पालना हुनुपर्दछ ।

१७ **कम्प्युटर लेखा प्रणाली**

पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न IPT(कर संकलन प्रणाली) सफ्टवेयर प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरेता पनि वडा कार्यनलयमा सफ्टवेयर प्रयोग गरेको छैन । आगामी दिनमा वडा कार्यनलयमा सफ्टवेयर प्रयोग गरी आयलाई पारदर्शी रुपमा संकलन गर्नुपर्दछ ।

१८ **ईन्धन खर्चः**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ७ थान, व्याकहोल्डर र जीप १थान रहेकोमा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू. ३१०६९९५।०० इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

१९ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यैसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे ७ थान, व्याकहोल्डर र जीप १ थान थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु. २२९७६८६।१६ खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ।

२० **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको दफा बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी सोझै खरिद गरि विभिन्न फर्मबाट निम्नानुसार रू. ३००००००।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। प्याकेजिङ गरि खरिद कार्यलाइ प्रतिस्पर्धि बनाउनु पर्दछ।

२१ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालनऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन।पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न ९२ व्यक्तिलाई रू. १२७२००।००आर्थिक सहायता वितरण गरेको देखियो। कानुनी व्यवस्थाको पालना गरी खर्च लेख्नुपर्दछ।

२२ **विविध तथा अतिथि सत्कार खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता प्रभावकारिता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शिर्षकमा रू. ३०००००० खर्च गरेको छ। आन्तरिक आयलाइ समेत ध्यान दिइ यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२३ **सामाजिक सुरक्षाः**

२३.१ **चौमासिक वितरण** – सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ९ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक कृषि विकास वैक देहायअनुसाररु.१०६३०४४३४।०० निकासा गरेकोमा रु.१०६३०४४३४।०० वितरण भएको छ।

२३.२ **पारदर्शिता** – सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

२४ **जिन्सी व्यवस्थापनः**

२४.१ **जिन्सी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, नियम १०६(१) मा प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनि उल्लेख गरेको सामान प्रतिवेदन प्राप्त भएको १ महिना भित्र लिलाम विक्रिको प्रकृया शुरु गर्नुपर्ने व्यवस्था छ। । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ ।सो अनुसार लेखाङ्कन गर्नु पर्दछ ।

२४.२ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिमजिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयारगर्नुपर्ने, नियम १०६(१) मा

प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनि उल्लेख गरेको सामान प्रतिवेदन प्राप्त भएको १ महिना भित्र लिलाम विक्रिको प्रकृया शुरु गर्नुपर्ने व्यवस्था छ। ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ । नियमावलीकोव्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतकाकार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२५ **डी पि आर निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । यो वर्ष निम्नानुसार रू ३३३१९५४।०० को डि पि आर तयारीमा ठेक्का तथा सोझै खरिद विधिबाट बजेट खर्च गरेको देखियो । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाकोकारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तोकार्य गराउनु पर्दछ । साथै कार्यान्वियन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वियनमा नआउदा मुल्य वृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वियन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | कार्य संचालन/सम्पन्न भए नभएको |
|---|---|---|---|---|
| देउलेख मन्दिर निर्माण | Quest engineering Pvt.Ltd | ४९१५५० | १८३४०९७६ | संचालन भएको |
| कालपोखरी मन्दिर निर्माण | Western Nepal Local Development Association Pvt.Ltd | ४४०७०० | ११५८५०५५ | संचालन भएको |
| गर्जे कुर्चिनेटा गाँजरी जडीबुटी पहुँचमार्ग सडक निर्माण | Nikas engineering consultancy and Research Pvt.Ltd | ९२११५१ | २१७१२८३७८ | संचालन भएको |
| गर्जे काठा सडक निर्माण | Axis engineering management Service Pvt.Ltd | ४८१३२८ | ७६७५२७९९ | संचालन भएको |
| अर्जुन मावि भवन निर्माण | Milestone infrastructure engineering consultancy pvt.ltd | ९९७२२५ | ४८९५०४४५ | नभएको |
| जम्मा | | ३३३१९५४ | ३७२७५७६५३ | |

२६ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च,सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाले कार्यविधि वेगर यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू.३४ लाख ९६ हजार ८३३ हजार खर्च गरेको देखियो।

| विषय | विवरण | रकम रु | प्रतिशत |
|---|---|---|---|
| वर्कचार्ज स्टाफ खर्च | पूंजीगत खर्च | ८५२२००५४।०० | १०० |
| | कुल कन्टिन्जेन्सी खर्च | ३४९६८३३ | ४ |
| | अन्य | १०२००००।०० | २९.१६ |
| | खप्ने मालसामान | २४७६८३३।०० | ७०.८४ |

- सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा त्यस्तो गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

महालेखा नियन्त्रक कार्यालयले २०७७ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गिकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार,स्टेशनरी छपाई, सूचना प्रकाशन,

दैनिक भत्ता जस्ता कार्यमा रु.३४९६८३३सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखियो। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन।तोकिए बमोजिमको शिर्षकमा खर्च उल्लेख गर्नु पर्दछ।

**२७ उपभोक्ता सम्बन्धी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा रु.१ करोड सम्मको सार्वजनिक निर्माण कार्य सोही स्थानमा बसोबास गर्ने वासिन्दा वा सेवा उपभोग गर्ने समुदाय रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था छ । सोही नियमको उपनियम २ मा कामको प्रकृति र परिणाम अन्य आवश्यक कुराहरुलाई सार्वजनिक सुचना प्रकाशन गरी प्रस्ताव माग गर्ने वा उपभोक्ताले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था छ । यसरी निवेदन वा प्रस्ताव प्राप्त भएपछि समितिसँग छलफल वार्ता वा निर्माण स्थलको स्थलगत भ्रमण गरी निर्माण कार्यको प्रकृति, उपभोक्ताले व्यहोर्नुपर्ने रकम र गर्नुपर्ने काम एवं निर्माण पश्चात मर्मत संभारको सुनिश्चिचता समेत विचार गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । तसर्थ विधिवत सम्झौता भै सकेपछि संचालनको निर्माण कार्यको मुल्याँकन बिल भरपाई लगायतका कागजातहरु समितिको बैठकबाट अनुमोदन गराउनुपर्ने भएकोले समितिको कार्य व्यवस्था र काम कर्तव्य र अधिकारको लागि विधिवत रुपमा दर्ता भई पारदर्शी रुपले कार्य गर्नुपर्ने व्यवस्था छ । सो अनुसार पालिकाले यो वर्ष विभिन्न ९२ वटा निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई उपभोक्ता समितिको योगदान कटाई रु. ४४५१४५५४।०० भुक्तानी दिएको छ । उपरोक्त कानुनी व्यवस्था अनुसार उपभोक्ताबाट काम गारउन सार्वजनिक सुचना र प्रस्ताव आह्वान नगरेको, उपभोक्ताहरुले काम र लागत तथा समितिले व्यहोर्ने अशं समेत खुलाएर प्रस्ताव पनि पेश नभएको र विधिवत रुपमा दर्ता नभएका संस्थासँग पटके रुपमा सम्झौता गरी निर्माण कार्य गराएको देखियो ।

**२८ खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.४१५११८०।४१ राजस्व बाँडफाँडबाट रू. ९३६७५२८४।१९, अनुदानबाट रू. ३१३४८८२७०।००तथा अन्य प्राप्ती रू.१३६८४९९५३।००लगायत रू. ५९९५६६०५३।३०प्राप्ती भएकोमा चालु तर्फ रु. ३१३४५३१९७।०८ र पुँजीगत तर्फ रू.८५२२००५४।५७ खर्च भएको छ।अन्य तर्फ रु.१३६७२३६५३।४० समेत रु. ५४९९६२५९२।००खर्च भएकोछ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७५प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ७८.६२ प्रतिशत चालु र २१.३८ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। दिगो पूजि निर्माण हुने कार्यमा खर्च गरि चालु खर्चको तुलनामा पूँजिगत खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**२९ वित्तीय विवरणको यथार्थता-**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोषव्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सोही प्रणालीबाट स्थानीय तहको कोषकोप्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ।पालिकाले स्वास्थ्यक्षेत्र सुधार कार्यक्रममा रू.११७१३८१६।४०, उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगारतथा आर्थिक सशक्तिकरण कार्यक्रममा रू.४७४४४८६।०० , औद्योगिक पूर्वाधार विकास कार्यक्रमरु.२४२५९७२।००, घरेलु तथा साना उद्योग प्रवद्धन केन्द्रमा रु.८७४४१३७ ।०० र सामाजिक सुरक्षा तथा संरक्षणको **रू.** *१०६३०४४३४।००समेत गरी रू.१३३९३२८४५।४० सुत्रमा समावेश नभएकोमा एकिकृत विवरणमा समावेश गरेको छ ।*

**३० क्षेत्रगत बजेट रखर्चको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मास्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारणगर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी बजेट तर्जुमागर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेटर खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजनगरेको बजेट मध्ये पुर्वाधार विकासमा सबैभन्दा बढी ६३.८३ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ १.५३ प्रतिशत सबै भन्दा घटी रहेको छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | बजेटको तुलनामा |
| १ | आर्थिक विकास | १,७५,१९,०००.०० | १,५४,८३,६८१.०० | ३.९२ |
| २ | पूर्वाधार विकास | २७,९२,९४,४५४.०० | २५,२२,४२,७८२.७४ | ६३.८३ |
| ३ | सामाजिक विकास | ७,८८,६७,३३६.९७ | ३,९२,५६,६४१.५७ | ९.९३ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ६५,६२,०००.०० | ६०,५८,५७४.०० | १.५३ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०,०८,३०,८००.०० | ८,२१,१२,७९९.५२ | २०.७९ |
| जम्मा | | ४८,३०,७३,५९०.९७ | ३९,५१,५४,४७८.८३ | १०० |

## ३१ योजना तर्जुमा तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्नेव्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रहेको देखियो ।

| विवरण | योजना संख्या | बजेट अनुमान |
|---|---|---|
| रु.१ लाख सम्म | ५ | ४५०००० |
| रु.१ देखि ५ लाख सम्म | ६५ | २२१२७६०० |
| रु.५ देखि १० लाख सम्म | १६ | ११९३२००० |
| रु.१० देखि माथि | १३ | ४६६५०००० |
| **जम्मा** | ९९ | ८११५९६०० |

## ३२ लक्ष्य प्रगतिः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५ (१) मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ।

| कार्यक्रम संख्या | यो वर्ष खर्च | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शुन्य | २५ प्रतिशत | ५० प्रतिशत | ७५ प्रतिशत |
| ११५ | ८५२२००५४।०० | १० | १ | २ | ५ |

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ११५ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगति हुने १० योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या ९७ रहेको छ।

शुन्य प्रगति हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ । सत प्रतिशत लक्ष्य हासिल गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

## ३३ बजेट तथा कार्यक्रम तर्जुमाः

स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरीआगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिईआपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको

नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

३४ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमानिर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनगर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमकोप्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयगर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेटप्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्नेव्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख१५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनीव्यवस्था छ। कानुनी व्यवस्थाको पालना भएको पाईयो।

३५ **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१०करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम८मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू८११५९६००. पुँजीगत खर्च गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।

३६ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ८५२२००५४ | २१८५७३ | १८६७०३९० | १६७७०७२२ | ४९५६०३६९ | ३५९९१६३० |
| प्रतिशत | १०० | ०.२७ | २१.९ | १९.६८ | ५८.१५ | ४२.२३ |

पालिकाले दिएको विवरण अनुसार प्रथम त्रैमासिकमा ०.२७ ,दोस्रो त्रैमासिकमा २१.९, तेस्रो त्रैमासिकमा १९.६८ तथा चौथो त्रैमासिकमा ५८.१५ प्रतिशत खर्च भएको पाइयो भने आषाढ महिनामा मात्र ४२.२३ प्रतिशत रकम खर्च भएको छ। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३७ **स्थानीय तथ्याङ्क, अभिलेखतथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधारअन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेकोदेखिएन। स्थानीयतहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

३८ **सेवा प्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ ९२० मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनु पर्दछ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | शुन्य |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ६६५ जना |
| मृत्युदर्ता | २६७ जना |
| बसाईसराई दर्ता | २७४ जना |
| विवाह दर्ता | २१८ जना |
| सम्बन्धविच्छेद दर्ता | २ जना |

### ३९ कानून निर्माण एवम् कार्यान्वयनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ३ वटा नियमावली, २५ कार्यविधि लगायत ६५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

### ४० आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:
बजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको देखिएन ।
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको देखिएन ।
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको देखिएन ।

सार्वजनिक खरीद व्यवस्थापनतर्फ

- सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको देखिएन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।
- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरेको देखिएन ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राखेको देखिएन ।

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरेको देखिएन ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (मिडान) | गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन भिडान गर्ने व्यवस्था कार्यान्वियन भएको देखिएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको,

विविध तर्फ

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको।
- म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये कार्यालयसंग सम्बन्धित फारामको अभिलेख राखे नराखेको।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फर्छोट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन।
- वडाहरु र पालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वियन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।

- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6 (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको देखियो ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो ।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

### ४१ लघु जलविद्युत आयोजना मर्मतः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । नमुनाको रुपमा केही कार्यक्रमको परीक्षण गर्दा यस पालिकाले यो वर्ष दोगाड लघु जलविद्युत् आयोजनालाई मर्मत खर्च वापत रु १६०४४१/- भुक्तानी गरेको देखियो । यस प्रकारका विद्युत् आयोजनाहरुले विद्युत् प्रयोगकर्ताहरुबाट सामान्य मर्मत तथा सञ्चालनका लागि सामान्य रुपमा विद्युत महशुल उठाउनुपर्नेमा सो अनुसार नगरी पालिकाबाट मर्मत तथा सञ्चालन खर्च अनुदानका रुपमा भुक्तानी गरेको देखियो । यसरी भुक्तानी गर्दा विद्युत उपभोक्ताहरुमा सो जलविद्युतको अपनत्व पनि नलिन सक्ने सम्भावना देखिन्छ । यसरी सामान्य रुपमा विद्युत् महशुल उठाउँदा हुने खर्चहरुलाई पालिकाले सो अनुसार गराई पालिकालाई बढी व्ययभार पर्ने क्षेत्रहरुलाई कम गराई पालिकाको अनावश्यक व्ययभार कम गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

### ४२ भेरिएसन नभई घटी कार्य भएकोमा कार्यसम्पन्न दिएकोः

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्नेछ भन्ने उल्लेख रहेको तथा सो दफाको उपदफाहरुमा पूर्वअनुमानित कार्यमा पाँच प्रतिशतभन्दा बढीको कार्य थपघट भएकोमा भेरिएसन आदेश गर्नुपर्न व्यवस्था रहेको छ । यस गाउँपालिकाले निम्नानुसारका निर्माण कार्यहरुमा १३ प्रतिशतसम्म घटी कार्य भएकोमा भेरियसन आदेश बेगर कार्यसम्पन्न भएको भनी अन्तिम विल भुक्तानी भएको देखियो । यसरी नियमानुसार सम्झौताको ५ प्रतिशतभन्दा बढी घटी कार्य भएकोले भेरियशन आदेश जारी गर्नुपर्दछ ।

| भौ.नं./मिति | निर्माण कार्य | निर्माण व्यवसायी/ उ.स. | सम्झौता रकम (VAT समेत) | कार्यसम्पन्न विल अनुसारको रकम | घटी भएको कार्य | घटी कार्य भएको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २५०/०८२।३।२४ | लगन साउन खेत गर्जे मा सडक स्तरोन्नती | दुदिर मष्टा एड वि आर कन्स्ट्रक्शन जे.भी. | ७७२०९६४।१८।१७ | ६७८२३०२।९४ | ९०३६६१ | १३ | घटी कार्य भएकोमा कार्यसम्पन्न दिएको |
| २४५/०८२।३।२४ | भोनेलिमाण्डौ-मौरीबजार सडक स्तरोन्नति | बी एण्ड बी अर्गनाइजेशन प्रा.लि. | ४६३०४१५।१८ | ४०३२७७७।८० | ५९७६३७।३८ | १३ | |
| | **जम्मा** | | | | **१५०१२९९** | | |

४३ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। नमुनाको रुपमा केही भौचरहरु परीक्षण गर्दा यस गाउँपालिकाले निम्नानुसार भुक्तानीमा वास्तविक कार्यभन्दा बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने देखिएको रु.

| भौ.नं./मिति | निर्माण कार्य | निर्माण व्यवसायी/उ.स. | भुक्तानीको विवरण | भुक्तानी हुनुपर्ने परिमाण | भुक्तानी भएको परिमाण | बढी भुक्तानी भएको परिमाण | भुक्तानी दर | जम्मा बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| २५५/०८२।३।२५ | महादेव मा वि छाना मर्मत | महादेव मा वि छाना मर्मत उ.स. | Stone masonary workwith mud mortar | ० | $1.302m^3$ | $1.302m^3$ | ५५३४.८७ | ७२०७ | Stone masonary work मा sill band र lintel band को परिमाण नघटाएको |
| २३४/०८२।३।२२ | ओखड गाउँ दलित वस्ती खानेपानी | ओखड गाउँ दलित वस्ती खानेपानी | E/W backfiling | $87.9m^3$ | $98.89m^3$ | $10.99m^3$ | २३०.४६ | २५३३ | |
| २३५/०८२।३।२२ | लाटामाण्डौ देउघर निर्माण | लाटामाण्डौ देउघर निर्माण उ.स. | Stone masonary workwith mud mortar | $6.49m^3$ | $7.23m^3$ | $0.74m^3$ | ५५३४.८७ | ४०९६ | |
| | | | 1:4 c/s plastering | $3.72m^3$ | $4.40m^3$ | $0.68m^3$ | ४५१.६४ | ३०७ | |
| ९९/०८१।११।१३ | बालकृष्ण मा.वि. शौचालय निर्माण | बालकृष्ण मा.वि. शौचालय निर्माण उ.स. | E/W excavation | पिरलको base बनेकोभन्दा बढी गहिराइमा खनेको देखाएको | | $5.19m^3$ | ६४५.२९ | ३३४९ | |
| | | | Stone masonary workwith mud mortar | ० | $0.25m^3$ | $0.25m^3$ | ५५३४.८७ | १३८४ | Stone masonary work मा sill band र lintel band को परिमाण नघटाएको |
| २४४/०८२।३।२३ | वडा न २ को तला थप | वडा न २ को तला थप उ.स. | Stone masonary workwith mud mortar | $62.43m^3$ | $63.41m^3$ | $0.98m^3$ | ५५३४.८७ | ५४२५ | |
| | | | RCC $M_{20}$ work | $5.67m^3$ | $5.77m^3$ | $0.10m^3$ | २१५२५.५५ | २१५३ | Round beam मा column को बढी भुक्तानी |
| २५९/०८२।३।२५ | DPR निर्माण | माइलस्टोन इन्फ्रास्ट्रक्चर | Team leader | 1 month 8 days | 2 month | 22 days | ५२१९ | १२९७४४ | २ महिनाको कार्य दिनको भुक्तानी भएकोले VAT समेत बढी भुक्तानी |
| | | | Architect Designer | | 53 days | 15 days | २५३३ | ४२९३५ | |
| २०६/०८२।३।१० | मसानि मन्दिर निर्माण | मसानि मन्दिर निर्माण उ.स. | Stone masonary workwith mud mortar | $17.24m^3$ | $17.78m^3$ | $0.54m^3$ | ५५३४.८७ | २९७५ | Stone masonary work मा column को परिमाण नघटाएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश समपूरकतर्फ | | | | | | | | | |
| १०/०८२।३।२३<br>२३९/०८२।३।२३ | शारदा मा.वि. भवन निर्माण | शारदा मा.वि. भवन निर्माण उ.स. | Stone masonary workwith mud mortar | $129.61m^3$ | $131.23m^3$ | $1.62m^3$ | ५५३४.८७ | ८९६७ | Stone masonary work मा sill band र lintel band को परिमाण नघटाएको |
| | | | PCC Work | $3.664\ m^3$ | १४०६२.६९ को दरले भुक्तानी हुनुपर्नेमा १६५४५.०७ ले भएको। | | | ९०९६ | $M_{10}$ को भुक्तानी दिनुपर्नेमा $M_{15}$ को भुक्तानी दिएको |
| | | | | | **जम्मा** | | | २,२०,१७१ | |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **७,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८,२४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२०,१७१ |

४४ **पेश्की व्यवस्थापनः**

४४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३बमोजिम खरिद सम्झौतामा उल्लेख भएकोव्यवस्था बमोजिम पेश्की दिन सक्ने व्यवस्था छ। पालिकाले चिउरी प्रशोधन समुहलाई प्रशोधन भवननिर्माणको लागि दिएको पेश्की रु. १५००००।००आर्थिकवर्षको अन्त्यसम्म फस्यौट हुन बाँकी देखिएको छ। समयमै पेश्कीफस्यौट गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।रु

| | |
|---|---|
| पेश्की | १,५०,००० |

४४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३बमोजिम खरिद सम्झौतामा उल्लेख भएकोव्यवस्था बमोजिम पेश्की दिन सक्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको म्याद नाघेको पेश्की रु. ५८५२००० ।००आर्थिक वर्षको अन्त्यसम्म फस्यौट हुन बाँकी देखिएको छ। समयमै पेश्की फस्यौट गर्नेतर्फ पालिकालेध्यान दिनुपर्दछ । रु.

| सि नं | भौचर नं मिति | काम | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|---|
| १ | १०८।२०८१।१२।१३ | विन्द्रावन सडक निर्माण | भि सि ई ईन्जीनियरीगं एण्ड कन्स्ट्रसन प्रा लि | ८१२००० |
| २ | ५५।२०८१।०९।२९ | कालपोखरी मन्दिर निर्माण | कालपोखरी मन्दिर निर्माण उपभोक्ता समिति | १२००००० |
| ३ | ५६।२०८१।०९।२९ | सिगास मन्दिर निर्माण सिगास धुरा | सिगास मन्दिर निर्माण सिगास धुरा निर्माण उपभोक्ता समिति | १४००००० |
| ४ | ५७।२०८१।०९।२९ | देउलेक मन्दिर निर्माण | देउलेक मन्दिर निर्माण उपभोक्ता समिति | २२००००० |
| ५ | ७७।२०८१।१०।२७ | वासगड आरसिसि पुल निर्माण | वांसगड आरसिसि पुल निर्माण उपभोक्ता समिति | १५०००० |
| ६ | १४७।२०८२।०२।०६ | डाडावाग देउघर निर्माण | डाडावाग देउघर निर्माण उपभोक्ता समिति | ९०००० |
| | | जम्मा | | ५८५२००० |

| | |
|---|---|
| पेश्की | ५८,५२,००० |

४५ **फरक बजेट खर्च शिर्षकः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ माविनियोजन ऐन तथा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रहि बजेटकार्यान्वियन गर्ने कर्तव्य सम्बन्धित लेखाउत्तरदायी अधिकृत र सम्बन्धित जिम्मेवारव्यक्तिको हुने व्यवस्था छ। पालिकाले यो वर्ष विनियोजन ऐन अनुसार सम्बन्धितशिर्षकमै खर्च गर्नुपर्नेमा फरक शिर्षकमा खर्च लेखेको नियम सगत नदेखिएको रु.

| क्र.स | भौ.न/मिति | हुनुपर्ने शिर्षक | भएको शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | ४८२।२०८२।३।२३ | पदाधिकारी बैठक | विविध खर्च | १४००० |
| २ | ४६।२०८२।३।२२ | विविध खर्च | पानी तथा विजुली | २५९११५ |
| ३ | ४६४।२०८२।३।२२ | पदाधिकारी भ्रमण खर्च | करार सेवा शुल्क | १२३०३५ |
| ४ | ४३८।२०८२।३।२० | कर्मचारी भ्रमण भत्ता | अन्य संस्था सहायता | १११४०० |
| ५ | ४९६।२०८२।३।१९ | फर्निचर तथा फिक्सचर्स | अन्य संस्था सहायता | १८३९८० |
| ६ | २५९।२०८१।१२।२७ | सुचना प्रकाशन तथा प्रसारण | मसलन्द तथा कार्यालय सामाग्री | ४८०००० |
| जम्मा | | | | ११७१५३० |

| | |
|---|---|
| अनियमित भएको | ११,७१,५३० |

४६ **नियम पालन नगरी बिज्ञापन खर्चः**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। कार्यालयबाट विज्ञापनवापत भुक्तानी गर्दा उल्लिखित वेहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम विज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्र.सं. | भौ.न/मिति | विज्ञापन ऐजेन्सीको नाम | भुक्तानी भएको रकम | विज्ञापन बोर्डको खातामा जम्मा हुनुपर्ने रकम |
|---|---|---|---|---|
| | ४९८।२०८२।३।२५ | हातेमालो मिडिया एण्ड आइटी सोलुसन | ६८२५० | २०४७ |
| a. | | | ४२००० | १२६० |
| b. | ४७९।२०८२।३।२३ | अनिरुद्र विज्ञापन एजेन्सी | ६३००० | १८९० |
| c. | २६०।२०८१।१२।२७ | हातेमालो मिडिया एण्ड आइटी सोलुसन प्रालि | ६८२५० | २०४७ |
| d. | | | ६३००० | १८९० |
| e. | २२०।२०८१।१२।१२ | अपि विज्ञापन एजेन्सी | १६८००० | ५०४० |
| f. | | आर.के एडभर्टाइजिङ एण्ड सप्लायर्स | ११५५०० | ३४६५ |
| g. | २१९।२०८१।१२।१२ | खलङ्गा मिडिया नेटवर्क प्रालि | ७५६०० | २२६८ |
| h. | | जीत मिडिया एण्ड इन्टरटेन्मेन्ट प्रालि | ५८८०० | १७६४ |
| i. | | | ५७७५० | १७३२ |
| j. | १७।२०८२।३।२५ | हातेमालो मिडिया एण्ड आइटी सोलुसन प्रालि | ६३००० | १८९० |
| k. | | अनिरुद्र विज्ञापन एजेन्सी | | ४५३६ |
| | | हिमाल टाईम्स | | १७०९ |
| | | हातेमालो मिडिया एण्ड आईटि सोलुसन प्रा.ली. | | १५१२ |
| जम्मा | | | ११११९१५० | ३३०५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,०५० |

४७ **अन्य निकायलाइ सहायता:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार आफ्नो छुट्टै बजेट तथा अख्तियारी हुने कार्यालयलाइ यो वर्ष देहायअनुसारको रकम, अनुदान दिएको उपयुक्त देखिएन। पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.स | भौ.न /मिति | सहयोग गरेको निकाय | रकम |
|---|---|---|---|
| १ | २०९।२०८१।१२।११ | गाउँपालिका राष्ट्रिय महासंघ | ३०००० |
| २ | २४८।२०८१।१२।२५ | सिगास सञ्चार समुह नेपाल | १०००००० |
| ३ | ४३५।२०८२।३।२० | सिगास संस्कृति संरक्षण समिति | ५०००० |
| जम्मा | | | १०८०००० |

४८ **विल भर्पाइ पेश गर्नपर्नेः**

**२१६।२०८१।१२।१२** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागी १५ वटा माध्यमिक विद्यालयलाइ रु.३०००० का दरले रु.४५०००० अनुदान दिएकोमा सो रकम खर्च भएको विल भर्पाइ पेश नभएकोले विल भर्पाइ प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

४९ **बढी तलब भत्ता भूक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा कार्यालय प्रमुखले खर्च गर्नुअघि आवश्यक कागजात को आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालय सहयोगि धने रोकाया मिति २०८१।१।१३ गते अवकाश भएकोमा मिति २०८२।२।३० सम्मको तलब भत्ता भूक्तानी भएको देखिन्छ।यसरि बढी भएको तलब भत्ता रु.४८८६०७।०० बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ। रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२०४,६६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८८,६०७ |

५० **शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **शिक्षक विद्यार्थी अनुपातः**

शिक्षा ऐन, २०२८ को (नवौँ संशोधन समेत) १६ च १ मा शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने जसमा विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए वमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

1. स्थानीय तह मातहतमा रहेक ६१ विद्यालयहरुमा ३२८ शिक्षक पदपुर्ती गरेकोमा पदपुर्ति मध्ये ६५ राहत, करार १२० जना निजी स्रोत तथा गाउपालिका अनुदानबाट शिक्षक पदपूर्ति देखिन्छ। साथै वालविकास शिक्षक ३३ जना रहेको देखिन्छ। तसर्थ दरवन्दी अनुसारको स्थायी शिक्षक पदपुर्ती गर्ने तर्फ ध्यान दिनुपर्छ। पालिकालेन्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालनगरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।
2. विद्यार्थी संख्याको तुलनामा शिक्षक वढी भएकोवाट कम भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । यस वर्ष पालिकाले ६१ विद्यालयलाई कुल १५ करोड ५४ लाख ९५ हजार निकासा दिएको छ।

| क्र.स. | विद्यालयहरूको नाम | शिक्षकदरबन्दी संख्या | | | | निजी स्रोतगा.पा. अनुदान | जम्मा शिक्षक संख्या | विद्यर्थी संख्या | शिक्षकविधाथी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | बा.वि | करार | | | | |
| १ | श्रीअर्जुन मा.वि. सिगास २ गाँजरी | ११ | ३ | | ६ | २ | २२ | ६७० | ३० |
| २ | श्री शिगासमा.वि. रक्सौन सिगास | ६ | ५ | १ | १ | ३ | १६ | ५०४ | ३२ |
| ३ | श्री लेकलुपुड मा.वि. सिगास ८ | ११ | ४ | १ | १ | २ | १९ | ३६९ | १९ |
| ४ | श्री उदयमा.वि. सिगास ९ गन्सुर | ७ | ३ | १ | ० | ३ | १४ | २३१ | १७ |
| ५ | श्रीनरेन्द्रपुर मा.वि. सिगास २, | ३ | १ | १ | ० | ४ | ९ | २६९ | ३० |
| ६ | श्रीपञ्चोदय मा.वि. सिगास १ | ४ | १ | १ | ० | ३ | ९ | २६६ | ३० |
| ७ | श्रीशिवलिङ्ग मा.वि. सिगास २, | ३ | २ | १ | ० | ४ | १० | ३३४ | ३३ |
| ८ | श्री भुवनभाष्कर मा.वि. सिगास ३, | ४ | २ | १ | ० | ३ | १० | २९१ | २९ |
| ९ | श्री शिवमा.वि. सिगास ४, | ३ | १ | ० | ० | ४ | ८ | २०६ | २६ |
| १० | श्री शारदामा.वि. सिगास ५, ढुङ्गाड | ७ | २ | १ | ० | २ | १२ | २९१ | २४ |
| ११ | श्रीभुवनेश्वरी मा.वि. सिगास ५, | ३ | २ | १ | ० | ३ | ९ | २७८ | ३१ |
| १२ | श्री गणेशमा.वि. सिगास ६, | ३ | २ | ० | ० | ४ | ९ | १६६ | १८ |
| १३ | श्रीमहादेव मा.वि. सिगास ६, | २ | ३ | २ | १ | ३ | ११ | २०० | १८ |
| १४ | श्रीभुमिराज मा.वि. सिगास ६, | १ | २ | १ | ० | ४ | ८ | २१९ | २७ |
| १५ | श्रीबालकृष्ण मा.वि. सिगास ७, | ३ | ३ | १ | ० | ३ | १० | २२९ | २३ |
| १६ | श्रीभुमिराज स्वामी आ.वि. सिगास | २ | १ | १ | ० | ३ | ७ | ५८ | ८ |
| १७ | श्री केदारआ.वि. सिगास १, | १ | ० | १ | ० | ४ | ६ | ५५ | ९ |
| १८ | श्री रणआ.वि. सिगास २, कोटिला | १ | २ | १ | ० | २ | ६ | १४२ | २४ |
| १९ | श्रीशिवलिङ्ग आ.वि. सिगास ७, | १ | १ | १ | १ | २ | ६ | १६६ | २८ |
| २० | श्रीसरस्वती आ.वि.. सिगास | ० | २ | ० | ० | ४ | ६ | १६६ | २८ |
| २१ | श्रीजनचेतना आ.वि. सिगास ८, | ३ | ० | १ | ० | ३ | ७ | २१९ | ३१ |
| २२ | श्रीशंकरपुर आ.वि. सिगास ९ | ३ | ० | १ | ० | २ | ६ | १६२ | २७ |
| २३ | श्रीनिलपाल आ.वि. सिगास ९, | ३ | १ | ० | ० | २ | ६ | १३७ | २३ |
| २४ | श्री सिगासआ.वि. सिगास १, | ० | २ | ० | ० | १ | ३ | ५२ | १७ |
| २५ | श्रीमहादेव पार्वती आ.वि. | ० | २ | १ | ० | ० | ३ | ५१ | १७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सिगास | | | | | | | |
| २६ | श्रीजनचेतना आ.वि सिगास १ | ० | ० | ० | ० | २ | २ | ४४ | २२ |
| २७ | श्रीकैलपाल आ.वि सिगास २, धुरा | ० | १ | ० | ० | २ | ३ | ५७ | १९ |
| २८ | श्रीसनराइज आ.वि सिगास २, | ० | १ | ० | ० | ३ | ४ | ७२ | १८ |
| २९ | श्रीजनशक्ति आ.वि. सिगास ३, | १ | १ | ० | ० | २ | ४ | ५३ | १३ |
| ३० | श्रीभुमिराज आ.वि. सिगास ३ डुडै | २ | १ | ० | ० | १ | ४ | ७० | १८ |
| ३१ | श्रीसरस्वती आ.वि. सिगास ३, | १ | १ | ० | ० | २ | ४ | १०१ | २५ |
| ३२ | श्रीशिवशंकर आ.वि. सिगास ३ | २ | १ | १ | ० | १ | ५ | ८० | १६ |
| ३३ | श्रीजनआधार आ.वि. सिगास ४ | ० | १ | ० | ० | ३ | ४ | १०२ | २६ |
| ३४ | श्रीदेउलेक आ.वि. सिगास ४, | ० | २ | १ | ० | १ | ४ | ५९ | १५ |
| ३५ | श्रीकैलपाल आ.वि. सिगास ४ | ० | ० | १ | ० | ० | १ | १७ | १७ |
| ३६ | श्रीनिलपाल आ.वि सिगास ४ | ० | ० | ० | ० | २ | २ | २९ | १५ |
| ३७ | श्रीहत्तसुण्ड आ.वि सिगास ४ | ० | ० | ० | ० | २ | २ | ३० | १५ |
| ३८ | श्री सिगासआ.वि सिगास ४ | ० | ० | ० | ० | ३ | ३ | ३९ | १३ |
| ३९ | श्रीकैलपाल आ.वि. सिगास ५ गुने | ० | २ | १ | ० | ० | ३ | ८६ | २९ |
| ४० | श्रीठुल्सैनी आ.वि. सिगास ५ | १ | ० | १ | ० | २ | ४ | ४५ | ११ |
| ४१ | श्रीमहादेव आ.वि.सिगास ५ | ३ | ० | ० | ० | १ | ४ | ३३ | ८ |
| ४२ | श्री जन्ताआ.वि सिगास ५ | ० | ० | ० | ० | २ | २ | ४२ | २१ |
| ४३ | श्री नौलोआ.वि सिगास ६ बस्थी | १ | १ | १ | ० | १ | ४ | १०३ | २६ |
| ४४ | श्रीनिलपाल आ.वि सिगास ६ | ० | ० | ० | ० | २ | २ | ४९ | २५ |
| ४५ | श्रीसिताराम आ.वि सिगास ६ | १ | ० | १ | ० | ० | २ | ३१ | १६ |
| ४६ | श्रीजनज्योति आ.वि सिगास ६ | ० | ० | १ | ० | ० | १ | ९८ | ९८ |
| ४७ | श्रीसरस्वति आ.वि सिगास ६ | १ | ० | १ | ० | १ | ३ | ५१ | १७ |
| ४८ | श्री भवानीआ.वि सिगास ७ साङडा | ० | ० | १ | ० | १ | २ | ३९ | २० |
| ४९ | श्री भगवतीआ.वि सिगास ७ बोरी | ० | ० | ० | ० | २ | २ | ४५ | २३ |
| ५० | श्रीकालपोखरी आ.वि सिगास ८ | १ | ० | ० | ० | २ | ३ | ५३ | १८ |
| ५१ | श्रीकैलपाल आ.वि सिगास ८ | ० | ० | ० | ० | २ | २ | ३३ | १७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५२ | श्रीज्ञानोदय आ.वि सिगास ८ | ० | ० | १ | ० | ० | १ | २९ | २९ |
| ५३ | श्री चेतनाआ.वि सिगास ८ | ० | २ | ० | ० | १ | ३ | ३९ | १३ |
| ५४ | श्रीकैलपाल आ.वि सिगास ९ | ० | २ | ० | ० | १ | ३ | ९२ | ३१ |
| ५५ | श्री केदारआ.वि सिगास ९ | ० | १ | ० | ० | १ | २ | १४ | ७ |
| ५६ | श्री पहरौलआ.वि सिगास ९ बैतडी | ० | ० | १ | ० | २ | ३ | ५६ | १९ |
| ५७ | श्रीजनशक्ति आ.वि. सिगास ९, | ० | ० | १ | ० | १ | २ | ३१ | १६ |
| ५८ | श्री सिगासआ.वि भौति सिगास ९ | १ | १ | ० | ० | १ | ३ | २९ | १० |
| ५९ | श्रीओखडानी बालविकास केन्द्र | ० | ० | ० | ० | १ | १ | ४४ | ४४ |
| ६० | जनप्रियबा.वि केन्द्र सिगास ८ | ० | ० | ० | ० | १ | १ | ९ | ९ |
| ६१ | श्रीबालज्योति आ.वि सिगास ८ | ० | ० | ० | ० | १ | १ | ८ | ८ |
| **जम्मा** | | **१००** | **६५** | **३३** | **१०** | **१२०** | **३२८** | **७५४३** | |

## ५२ शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०८१।८२) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेर मात्र अनुदान निकासा दिनुपर्दछ।

## ५३ शैक्षिक प्रतिवेदनः

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ। पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।उल्लिखित कमजोरीमा सुधार हुनुपर्दछ ।

## ५४ पाठ्यपुस्तक अनुदानमा बढी निकासाः

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.४.६.१. मा सार्वजनिक विद्यालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान वापत शैक्षिक सत्रको शुरुवातमै ७५ प्रतिशत अनुदान निकासा गर्ने र पाठ्यपुस्तक खरिद गरि वितरण भरपाई सहित खरिद गरेको विल भरपाई पेश गरि बाँकी २५ प्रतिशत अनुदान सोधभर्ना

गर्नुपर्ने व्यवस्था छ । विद्यालयहरुको नमुना परीक्षण गर्दा IEMIS २०८२ को विधार्थी सँख्या भन्दा बढी मात्रामा पाठ्यपुस्तक खरिद गरेको विल पेश गरेको आधारमा बढी रकम निकासा दिएकोले उक्त रकम निम्न विधालयबाट असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्छ। साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले पालिकाले एकिन गरी सम्बन्धीत विद्यालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | निकासा रकम | Emis अनुसार निकासा गर्नुपर्ने रकम | बढी निकासा |
|---|---|---|---|---|
| ५ | भुवनेश्वरी मा.वि. | १३९२३० | १३२२१० | ७०२० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२,८९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **५,१०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **४,६४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **५,६४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,०२० |

५५ **इन्टरनेट जडान अनुदान:**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१०. को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने सवै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने आधारभुत तह (कक्षा १-५ सम्म) सञ्चालित विद्यालय वार्षिक रु १२ हजार आधारभुत तह (कक्षा १-८ सम्म) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रु. १५ हजार र माध्यमिक तह (कक्षा १-१० र १-१२) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रु. २० हजारका दरले उपलब्ध गराउने र उक्त रकम इन्टरनेट जडान गर्ने, जडित इन्टरनेट शुल्क भुक्तानी गर्न खर्च गर्ने उल्लेख छ । स्थानीय तहले विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्ने र इन्टरनेट प्रयोग गरेका विद्यालयको विवरण IEMIS मा अनिवार्य अध्यावधिक गर्न लगाउने व्यवस्था छ । पालिकाले भौ नं १२२,२०८१।११।१२ बाट ६१ वटा विद्यालयलाई इन्टरनेट जडान वापतको शुल्क भुक्तानी गर्न रु. ८,७६,००० रकम अनुदान उपलव्ध गराएकोमा देहायका विद्यालयहरुमा जडान भएको प्रमाण पेश नभएकोले इन्टरनेट जडान भए नभएको एकिन गर्न सकिएन । तसर्थ सम्वन्धित विद्यालयवाट इन्टरनेट जडान गरेको प्रमाण पालिकामा पेश गरी अनुदानको रकम सहि सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

५६ **प्रधानमन्त्री रोजगारतर्फः**

५६.१ **नर्म्सको पालना नगरेकोः** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ को दफा ९ मा स्थानिय तहले आयोजना कार्यान्वियन गर्दा प्राविधिकले ड्रईङ् डिजाईन तयार गरि प्रचलित नर्म्स अनुसार रेट विश्लेषण गरि लागत अनुमान तयार गर्नुपर्ने र कार्यसम्पन्न पश्चात नापी जाँच गरि भुक्तानीको लागि सिफारिस गर्नुपर्ने व्यवस्था छ । पालिकाले नाला खन्ने र ग्रामीण सडक निर्माण तथा मर्मत लगायतका उल्लेखित योजनाको नरम माटो खन्ने कार्यको लागि सडक विभागको नम्स अनुसार घन मिटर ०.७ मेन डे राखि रु. ५१६.२३ ले भुक्तानी दिनुपर्नेमा प्रति घन मिटर ०.८ मेन डे राखि रु. ५५०.४३ का दरले लागत अनुमान तयार गरेको र भुक्तानी पनि सोही अनुरुप भएको देखिन्छ । नर्म्स भन्दा बढी भुक्तानी भएको रकम रु.

| भौ.न.।मिति | योजनाको नाम | कामको परिमाण (घमि) | दिएको दर | दिनुपर्ने दर | रकम |
|---|---|---|---|---|---|
| २५०,२०८२।०३।२० | जनचेतना आ.वि. लुपुडको | ४४२.३५ | ५५०.४३ | ५१६.२४ | १५१२४ |
| २५१,२०८२।०३।२० | सिगास धुरा मन्दिर कम्पाउण्डको निर्माण | ७७०.२४ | ५५०.४३ | ५१६.२४ | २६३३५ |
| जम्मा | | | | | ४१४५९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,४५९ |

५६.२ **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका ९ वटा वडा कार्यालय रहेकोमा ९ वटै वडामा १० योजनाहरु सञ्चालन गरी यस वर्ष ४४ जनालाई औसत १०० दिनले ४४०० दिन रोजगारी उपलव्ध गराई रु. २९,१७,६८० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।

५७ **वढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **विद्यालयको शौक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यायलमा शैक्षिक गुणास्तर सुदृढीकरण एवं कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने र उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, सन्दर्भ सामाग्री तथा लाइव्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईका लागि ICT ल्याब को लागि खर्च गर्ने सकिने व्यवस्था रहेको छ । विद्यालयले उक्त सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामाग्री खरिद गर्ने र विल, भरपाई, प्रमाणहरु सम्बन्धीत स्थानीय तहमा पेश गर्नुपर्ने तथा उक्त कार्यको स्थानीय तहबाट अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले शिक्षा समितिको निर्णय वमोजिम छनोट भएका रण आधारभुत विद्यालयलाई भौ.न. २०५, २०८२।०३।१० बाट विज्ञान प्रयोगशाला निर्माणका लागि रु. ६,५०,००० निकासा जनचेतना आधारभूत विद्यालयलाई भौ.न. १९५,२०८२।०३।०९ बाट पुस्ताकालय निर्माणका लागि रु. ६,५०,००० निकासा र आधारभूत विद्यालयलाई भौ.न. १९४, २०८२।०३।०९ बाट पुस्ताकालय निर्माणका लागि रु. ६,५०,००० निकासा दिएकोमा त्यस सम्बन्धी स्रेस्ता परीक्षण गर्दा देहायका व्यहोरा देखिएका छनः

**क) विद्यालय छनौटः**विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यायलमा शैक्षिक गुणास्तर सुदृढीकरण एवं कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न विद्यालय छनौट गर्दा स्थानीय तहका सवै माध्यमिक तहले एक पटक अनुदान प्राप्त गरेको सुनिश्चित गरी उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत विद्यालयहरुलाई अनुदान उपलब्ध गराउनुपर्नेमा माध्यमिक तहका विद्यालयहरुले एक पटक अनुदान पाएको सुनिश्चित नगरी सरस्वति आ.वि. लाई छनोट गर्नु कार्यविधि अनुसार भएको देखिदैंन । साथै पालिकाले कार्यक्रमको प्रभावकारीताको मुल्याङ्कन नगरी विद्यालयलाई शिक्षण सिकाई अन्तरगत पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माणमा अनुदान उपलब्ध गराएको छ। अत पालिकाले अनुदान उपलब्ध गराउदा तोकिएको मापदण्ड र प्राथमिकता अनुसार विद्यालय छनौट गर्नुपर्दछ ।

ख) **अनुगमन नभएकोः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ३१५, मिति २०७९।९।२९ गतेको पत्र बमोजिम विद्यालयमा सूचना प्रविधि प्रयोशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तर्गत विज्ञान प्रयोगशाला कार्यक्रम प्राप्त गर्ने विद्यालयहरुले Lab/LMS Software को स्पेसिफीकेसन बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले स्फेसिपिकेसन अनुसार खरिद प्रक्रिया अबलम्बन गरे नगरेको सम्बन्धमा पालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईदैन । पालिकावाट समय समयमा अनुगमन मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी कार्यान्वनमा जोड दिनु पर्दछ ।

ग) **प्रतिवेदन पेश नभएकोः** विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने गरेको पाईएन। सम्बन्धित विधालयवाट कार्यक्रम सञ्चालन गरी नियमित रुपमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

५९ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरुवाट रु. ३०,५८,९४२ को औषधी शिलबन्दी वोलपत्र र कोटेशन द्धारा खरिद गरेको छ। विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वियन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन। पालिकाले हस्तान्तरण गरेको औषधी सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधी नागरिकलाई निःशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

| गो भौ न ।मिति | आपूर्तिकर्ताको नाम | खरिद विधि | रकम |
|---|---|---|---|
| १२६,२०८१।१२।११ | त्रिनेत्र आयुर्वेद फार्मेसी | कोटेशन | ३९२४३४ |
| २३०,२०८२।०३।१८ | कफलाशैनी मेडिसिन सप्लायर्स | कोटेशन | ९७९९९५ |
| २३१,२०८२।०२।१८ | शैलाकेदार मेडिसिन सप्लायर्स | कोटेशन | ५८३२९८ |
| ३24,२०८२।०२।०८ | गोदावरी मेडिसिन सप्लायर्स | शिलवन्दी वोलपत्र | ११०३२१५ |
| जम्मा | | | ३०५८९४२ |

- औषधीको जिन्सी कितावमाआम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थितरुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधी खरिदका लागी लागत अनुमान तयार गर्दा स्वास्थ्यविभागको स्विकृत दररेटलाई आधार नलिएको,
- औषधी खरिद गर्दा एकमुष्ठ ईविडिङ नगरि विभिन्न समयमा कोटशन लिने गरेको,

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक

वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी स्वास्थ्य सेवाबाट प्रमाणित कार्य निर्देशिका अनुसार **LMIS** मा प्रविष्ट गरि जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**६०** **करार शिक्षकको तलव भत्ता**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाटआर्थिक वर्ष २०८१।८२ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाटप्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरतस्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथाप्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जानेसशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथाकार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी रसेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी विद्यालयहरुमा १२० जना शिक्षक करारमा नियुक्त गरी यो वर्ष समानीकरण अनुदान/ राजस्व बाँडफाट स्रोतबाट रू.१९८९८०००।०० तलब भत्ता वापत भुक्तानी गरेको देखिन्छ। अनुदान पश्चात सामुदायिक विद्यालयको शैक्षिक सुधारको सम्बन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई पालिकाको अनुदान निकासा नदिने वा रोक्का गर्ने सम्बन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन। पालिकाले सार्वजनिक स्रोतको खर्च पश्चात सोको प्रतिफलको अध्ययन नगरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नु उचित देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

**६१** **दिवा खाजा कार्यक्रमः**

६१.१ **दिवा खाजाः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वियन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रति विद्यार्थी रु. १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको आधारमा निकासा दिने व्यवस्था रहेको छ । पालिकाले मातहतका ६४ विद्यालयलाई भौ.न. २१, ७१, १२१, १५६, २०६ र २४७ बाट रु ९४,२६,२७१ निकासा दिएकोमा नमुना छनोटका आधारमा लेखापरीक्षण गर्दा विद्यालयले पेश गरेको हाजिरी पुस्तिकाको प्रतिलिपी परीक्षण गर्दा केरमेट तथा हाजिरी सच्चाइएको देखिएकोले उक्त निकासा रकम यथार्थ हो होइन एकिन गर्न सकिएन। पालिकाले यथार्थ हाजिरी विवरणका आधारमा दिवा खाजा निकासा दिनुपर्ने तथा प्रतिलिपी सच्याई माग गर्ने विद्यालयलाई जिम्मेवार बनाउनुपर्दछ ।

६१.२ दिवा खाजा कार्यक्रम

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६०,०५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३१,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२८,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सिगास गाउँपालिका, बैतडी , सिगास गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रघुनाथ अवस्थी | २०८०-६-२३ | २०८२-०८-२४ |
| लेखा प्रमुख | सुवास कठरिया | २०८१-३-१ | २०८१-५-९ |
| लेखा प्रमुख | प्रेम राज भट्ट | २०८१-५-५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०५४,२३८ | १,१७१,५३० | ६४७,५३९ | ० | ० | ६,००२,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८,८७५,३०७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ४६१,४७० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ८,४१३,८३७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५१३०१३६५.५७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८९९६५७९२ | चालु खर्च | ३१३४५३१९७.०८ |
| प्रदेश सरकारबाट अनुदान | २३५२२४७८ | पूँजीगत खर्च | ८५२२००५४.५७ |
| राजश्व बाँडफाँट | ९३६७५२८४.१९ | वित्तीय/अन्य व्यवस्था | १५१२८९३४०.६५ |
| आन्तरिक आय | ४२५११८०.० | | |
| अन्य आय | १३६८४९९५३.५४ | | |
| कुल आय | ५४८२६४६८७.७३ | कुल खर्च | ५४९९६२५९२.३० |
| बाँकी मौज्दात | | ४९६०३४६१ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततावेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।